लोकतन्त्र, मानवअधिकार तथा शान्तिका लागि जिम्मेवार र सुरक्षित प्रेस




# Conflict Sensitive Media Reporting
## HOW-TO-GUIDE

# द्वन्द्व संवेदनशील पत्रकारिता
## सहयोगी पुस्तिका

माघ २०६९

International Alert.
नेपाल पत्रकार महासंघ
EQUAL ACCESS
EUROPEAN UNION

लोकतन्त्र, मानवअधिकार तथा शान्तिका लागि जिम्मेवार र सुरक्षित प्रेस

# Conflict Sensitive Media Reporting
## HOW-TO-GUIDE

# द्वन्द्व संवेदनशील पत्रकारिता
## सहयोगी पुस्तिका

माघ २०६९

# जानकारी

यो जानकारी पुस्तिका नेपाल पत्रकार महासंघ, इक्वल एक्सेस नेपाल र इन्टरनेशनल अलर्टको संयुक्त सहकार्य तथा द युरोपियिन युनियनको आर्थिक सहयोमा उत्पादन गरिएको हो । यस जानकारी पुस्तिकाको मुख्य उद्धेश्य पत्रकारिता पेशा गर्ने वा यस सम्बन्धी विषयमा चाख राख्ने सम्पुर्ण सरोकारवालाहरुलाई द्वन्द्व संवेदनशील पत्रकारिता भनेको के हो र यसको प्रयोग कसरी गर्ने भन्ने बारेमा जानकारी दिनु हो । यो जानकारी पुस्तिका “लोकतन्त्र, मानवअधिकार तथा शान्तिका लागि जिम्मेवार र सुरक्षित प्रेस” नामक परियोजना अन्तर्गत उत्पादन गरिएको प्रशिक्षक प्रशिक्षण तालीम निर्देशिकामा आधारित छ जसको लेखन पत्रकार मोहन मैनाली र रजनिश भण्डारीले गर्नुभएको हो भने इन्टरनेशनल अलर्टका रविना श्रेष्ठ र रविन्द्र गुरुङ्ग र नेपाल पत्रकार महासंघका अभिमा उप्रेतीले सहयोग गर्नुभएको हो ।

© २०१२ इन्टरनेसनल एलर्ट, नेपाल पत्रकार महासंघ, इक्वल एक्सेस र द युरोपयिन युनियन

सर्वाधिकार प्रकाशकमा सुरक्षित छ । पूरै स्रोत नखुलाई यस प्रकाशनको कुनै पनि अंश फेरि छाप्न, तान्न मिल्ने गरी भण्डारण गर्न वा कुनैपनि रूपमा कुनैपनि माध्यमबाट वा विद्युतीय माध्यमबाट, यन्त्रबाट, प्रतिलिपी बनाएर, रेकर्ड गरेर वा अन्य कुनै विधिबाट प्रसार गर्न पाइनेछैन ।

*आवरण तस्विर:* बिनय गुरागाईं

*ग्राफिक डिजाइन तथा मुद्रण :* पेजपरफेक्ट, काठमाडौं

# विषय सूचि

## द्वन्द्व र हिंसा ........ ४
द्वन्द्वको परिभाषा ........ ४
हिंसाको परिभाषा ........ ५
हिंसाका असर ........ ६
द्वन्द्वका कारण ........ ७
द्वन्द्वको विश्लेषण ........ ८
द्वन्द्वको शान्तिपूर्ण समाधानको बाटो ........ ९

## पत्रकारको भूमिका ........ ११
### पत्रकारहरूको सही भूमिका ........ १२
हिंसा फैलनु अघि ........ १२
हिंसा फैलिएका बेला ........ १४
पीडितसँगको व्यवहार ........ १५
स्रोतको सुरक्षा ........ १६
द्वन्द्व/हिंसा मत्थर भएपछि ........ १६

## सुरक्षा ........ १७
### द्वन्द्व वा जुलूसको रिर्पोटिङ्ग गर्दा ........ १८
समाचार सङ्कलन गर्न जानुअघि ध्यान दिनुपर्ने कुरा ........ १८
समाचार सङ्कलनको समयमा ........ १८
समस्या उत्पन्न भयो भने ........ १९

## पत्रकारले के गर्नु हुँदैन ? ........ २०


## शब्दावली ........ २२

# द्वन्द्व र हिंसा

## द्वन्द्वको परिभाषा

धेरैले द्वन्द्व र हिंसालाई एउटै ठान्ने गरेका छन् तर द्वन्द्व विशेषज्ञहरूले यसको परिभाषा भिन्नै किसिमले गरेका छन् । शान्ति पत्रकारिता सम्बन्धी अवधारणालाई अघि बढाउने जेक ल्यान्च (Jake Lynch) र आनाबेल म्याकगोल्ड्रिक (Annabel McGoldrick) ले आफ्नो पुस्तक पिस जर्नालिज्ममा दिएको परिभाषा अनुसार, द्वन्द्वमा दुई वा दुईभन्दा बढी पक्ष एकआपसमा मेल नखाने उद्देश्य/लक्ष्य पूरा गर्न लाग्छन् र त्यस क्रममा एक अर्कालाई उसको उद्देश्य/लक्ष्य पूरा हुन नदिन कोसिस गर्छन् ।

द्वन्द्वको रूपान्तरण र शान्तिको अवधारणाका प्रवर्द्धक योहान गाल्टुङ (Johan Galtung) ले गाल्टुङले द्वन्द्वको त्रिकोणको अवधारणा अघि सारेका छन् । उनका अनुसार कसैले नराम्रो व्यवहार गर्छ, अरुलाई त्यसको बोध हुन्छ र यसले मानिसमा आवेग जन्माउँछ र उनीहरुका बीचमा बेमेल पैदा गर्छ । मानिसको व्यवहार देख्न सकिने खालको हुन्छ भने अन्य दुईवटा तत्व अदृश्य हुन्छन् । यी तीनवटा तत्वका बीचको सम्बन्धबाट द्वन्द्व पैदा हुन्छ ।



## द्वन्द्वको आयु

गाल्टुङका अनुसार द्वन्द्व जीवित बस्तु हो। यसको आफ्नै जीवन चक्र हुन्छ। यो देखा पर्छ, आवेगको चरणमा पुग्छ, हिंसात्मक उत्कर्षमा पनि पुग्न सक्छ, मन्द हुन्छ, बिलाउँछ र प्रायसः फेरि देखापर्छ।

- व्यक्ति अथवा समूहका एकापसमा मेल नखाने लक्ष्य हुनसक्छन्, उनीहरुले एकअर्कालाई उपेक्षा गर्न सक्छन्, अमिल्दा लक्ष्य भए पछि द्वन्द्वको निहुँ जन्मन्छ आफ्नो लक्ष्य पूरा नभएको ठान्ने पक्ष असन्तुष्ट हुन्छ, लक्ष्य जति सानो भयो असन्तुष्टि उति नै बढी हुन्छ।
- असन्तुष्टिले मानिसलाई आक्रामक बनाउँछ, आफ्ना लक्ष्य पूरा हुन नदिनेप्रति मनमा घृणा पैदा गर्छ, मौखिक अथवा शारीरिक हिंसात्मक कामका लागि प्रेरित गर्नसक्छ।
- यस्तो घृणा र हिंसा आफ्ना लक्ष्य पूरा हुन नदिने व्यक्ति वा समूहप्रति लक्षित हुन्छ तर यस्तो कामगर्दा सधैँभरि "विवेकशील" भएर गरिन्छ भन्ने छैन।
- हिंसाको मनसाय चोट/क्षति पुऱ्याउनु हो यसले प्रतिहिंसा जन्माउन सक्छ।
- घृणा र हिंसाको यस दुस्चक्र प्रमुख बन्छ, मौलिक लक्ष्य गौण बन्छन्।

सामान्य खालका द्वन्द्वमा धेरै पक्ष संलग्न हुनसक्छन्, उनीहरुका लक्ष्य र मुद्दा थरिथरि हुनसक्छन् जसलाई सजिलै देख्न सकिँदैन। द्वन्द्वका तीन अवस्था हुनसक्छन्[1]: हिंसा हुनु अघिको अवस्था, हिंसा फैलिएको अवस्था र हिंसा मत्थर भएकोअवस्था। तर सबै किसिमका द्वन्द्व हिंसात्मक अवस्थामा पुग्छन् भन्ने छैन।

# हिंसाको परिभाषा

गाल्टुङको परिभाषा अनुसार मानिसका काम, शब्द, धारणा र सामाजिक वा राज्यको संरचना अथवा प्रणालीले हिंसा फैलाउँछ। भौतिक, मानसिक, सामाजिक र वातावरणीय क्षति पुऱ्याउने खालका काम, शब्द, धारणा वा संरचनालाई भने हिंसात्मक मानिन्छ। यस्तै गरी माथि भनिएका कुराहरूले नागरिकको शारीरिक, मानसिक र शैक्षिक विकासमा बाधा पुऱ्याए भने त्यति बेला पनि हिंसा हुन्छ भनिन्छ। त्यसैले हिंसा हुनका लागि भौतिक बल वा हिंस्रक शब्दको प्रयोग हुनैपर्छ भन्ने छैन। मानिसका आधारभूत आवश्यकता पूरा नहुने अवस्था सिर्जना हुनु पनि हिंसा हुनु हो। हिंसा यस प्रकारका हुन्छन् : प्रत्यक्ष हिंसा, सांस्कृतिक हिंसा, संरचनागत हिंसा।

[1] *Source:* Galtung, Johan, Conflict Theory and Practice. A Perspective, in: Galtung, Conflict Transformation by Peaceful Means (The Transcend Method). Participants' Manual and Trainers' Manual, United Nations Disaster Management Training Programme, 2000, p. 13.

### प्रत्यक्ष हिंसा

आँखाले देख्न/सुन्न सकिने/शारीरिक रुपले अनुभव गर्न सकिने खालका हिंसालाई प्रत्यक्ष हिंसा भनिन्छ। यसका उदाहरण यस प्रकार छन् : गालीगलोज, कुटपिट, काटमार, हत्या।

### सांस्कृतिक हिंसा

कुनै पनि माध्यमबाट फैलाइएका दुर्भावना, निश्चित समुदायप्रति अपनाइएको असहिष्णुता, द्वन्द्व/युद्धमा संलग्न कुनै पक्षको एकोहोरो प्रशंशा/विरोध, युद्ध/हिंसालाई धर्मको खोल लगाएर सही ठहऱ्याउने काम (धर्मयुद्ध, जेहाद आदि), लैङ्गिक/जातीय/क्षेत्रीयता/रङका आधारमा गरिने हिंसा।

### संरचनागत हिंसा

कुनै प्रणालीको सहयोगका आधारमा कसैको शोषण र कसैप्रति भेदभाव गर्नका लागि गरिने हिंसालाई संरचनागत हिंसा भनिन्छ। यस्तो हिंसा सहनु नपरेका मानिसले जानेर या अनजानमा यस्तो हिंसालाई सामान्य मान्छन्।

## हिंसाका असर

हिंसा जहिल्यै पनि ध्वंसात्मक हुन्छ। हिंसाले पार्ने असर भौतिक पूर्वाधारको क्षति, मानिसको मृत्यु आदिमा मात्र सीमित हुँदैनन्।

| हिंसाका प्रत्यक्ष असर | हिंसाका अदृश्य असर |
|---|---|
| • घाइते हुनु, चोटपटक लाग्नु,<br>• मृत्यु हुनु<br>• बलात्कार हुनु<br>• बेघरबार हुनु<br>• भौतिक पूर्वाधारहरूको क्षति अनि विनाश हुनु<br>• दुर्लभ स्रोत र साधन लडाइँका लागि दुरुपयोग हुनु | • गलत व्यवहार वा शोकबाट उत्पन्न घृणा<br>• बदला लिएर अर्को पक्ष अथवा हिंसा गर्नेमाथि विजय प्राप्त गर्ने चाहना।<br>• हत्या र हिंसामा गौरव गर्ने चलन<br>• मानिस-मानिसबीचमा अविश्वासको वातावरण सिर्जना<br>• मानवीय मूल्यमा ह्रास |

अहिंसात्मक आन्दोलनका प्रणेता महात्मा गान्धीले भन्नुभएको छ "हिंसाका राम्रा परिणाम क्षणिक हुन्छन् भने यसका नराम्रा असर चिरस्थायी हुन्छन्।"

# द्वन्द्वका कारण

## ऐतिहासिक घटना

बागलुङ जिल्लामा रेस र बिहुँ नामका दुईओटा छिमेकी गाउँ छन् । तर बिहुँका मान्छे रेस गाउँमा भएका बेलामा पानीसम्म खाँदैनन् । केही गरी खैनी खानुपरेमा उफ्रिएर (रेसको जमिन छाडेर) खैनी मुखमा हाल्छन् । किन यसो गरेको भन्दा उनीहरू यो कहानी भन्छन् ।

*उहिल्यै नेपालको एकीकरण हुनुभन्दा पहिले रेस र बिहुँ अलगअलग देश थिए । रेसका राजाले बिहुँका राजालाई छलकपट गरेर मारेका थिए । त्यस यता कपटी राजाको धर्तीमा बसेर कुनै पनि कुरा नखाने चलन चल्यो ।*

कम्तीमा ३०० वर्ष पुरानो यो घटना (त्यो पनि किंवदन्ती मात्र हुन सक्छ) लाई आधार बनाएर अहिले पनि बिहुँका मानिसहरूले रेसका मान्छेलाई कपटी ठान्ने गर्छन् । यसबाट यी दुई गाउँका मानिसबीच द्वन्द्व हुन सक्छ ।

## लिङ्ग

महिला र पुरुषको कुनै विषयलाई हेर्ने दृष्टिकोण फरक हुन्छ जसले द्वन्द्व सिर्जना गर्न सक्छ । अर्थात कुनै पनि विषय हेर्ने लैङ्गिक दृष्टिकोण फरक हुनसक्छ । आजभोलि पनि पुरुषहरू आफूले आफ्नो अनुकूल हुने गरी बनाएका परम्परा र नियम महिलाले सधैँ मानुन् भन्छन् । परम्पराको आड लिएर गरिने यस्तो व्यवहारले द्वन्द्व निम्त्याउँछ ।

## जीवनशैली

फरक जीवनशैली भएका मानिसहरूको सोचाइ पनि फरक हुन्छ । जस्तै नेपालमा उत्तरी भेगमा बस्ने मानिसहरूले दैनिक जीवनयापनका लागि अग्ला भन्ज्याङ पार गर्ने चुनौतीपूर्ण जीवनशैली अपनाएका छन् भने मध्यपहाडका किसानहरूका आफ्नै चालचलन छन् । स्थायी रूपमा बसोबास नगर्ने राउटेहरू पनि यहीँ छन् । यस्तो फरकफरक अवस्थामा बाँचेका मानिसहरूको सोचाइ फरक हुन्छ जसले बेलाबेलामा द्वन्द्व निम्त्याउने गर्छ । सुँगुरको मासु खानु कसैका लागि सामान्य कुरा हो भने सुँगुर छुनु हुँदैन भन्ने कुरा कसैका लागि सामान्य हो ।

## धनसम्पत्तिको असमान वितरण

यसलाई पञ्चतन्त्रको एउटा कथाका माध्यमबाट अझ प्रस्ट पार्न सकिन्छ जसको सार यस्तो छ :

*उहिले एकादेशमा भारण्ड नाम भएको एउटा चरो रहेछ । त्यस चराका दुईओटा मुख भए पनि पेट चाहिँ एउटै रहेछ । एकदिन एउटा मुखले अमृत भेट्टाएछ । उसले त्यो अमृत एक्लै खाएछ । अर्को मुखले जति माग्दा पनि दिएनछ । बाँकी भएको अमृत गुँडमा बसेकी आफ्नी पोथीलाई दिन्छु भनेछ । उता अमृत खान नपाउने मुख असाध्यै रिसाएछ । उसले 'अमृत खान दिइनस् भने म विष खाएर मर्छु, तँलाई पनि मार्छु' भनेछ । तर अमृत खाने मुखले उसको कुरा नसुनेपछि अमृत खान नपाउने मुखले विष खाइदिएछ । मुख अलगअलग भएपनि पेट एउटै भएकाले विष पेटमा पुगेपछि दुईओटै टाउका अर्थात् त्यो चरो मर्‍यो ।*

## शक्तिको असमान वितरण

निश्चित समुदाय, क्षेत्र, जातजाति, वर्ग र लिङ्का मानिस मात्र शक्तिशाली बन्नाले निर्धा मानिसहरूमा नैराश्य बढ्छ र द्वन्द्व चर्कन्छ ।

यसबाहेक असमझदारी, पूर्वाग्रह, अविश्वास, साम्य नभएका पुराना झगडा र हेपाइले पनि समाजमा द्वन्द्व बढाउँछन् ।

# द्वन्द्वको विश्लेषण

पत्रकारले द्वन्द्वका बारेमा कति कुरा जान्नुपर्छ र द्वन्द्वमा पत्रकारको भूमिका शान्तिदूतको भन्दा फरक हुन्छ कि हुँदैन भन्ने विषयमा विवाद छ । कसैले पत्रकारले सक्रिय भूमिका खेल्नुपर्छ भनेका छन् भने कसैले यो काम पत्रकारको होइन भनेका छन् । हामीले राम्रो रिपोर्टिङ गर्नका लागि द्वन्द्वको विश्लेषणका सामान्य तरिकाका बारेमा जानेका खण्डमा हाम्रो रिपोर्टिङ क्षमता बढ्छ । हाम्रो अन्तरज्ञान बढ्छ, रिपोर्टिङमा नयाँ दृष्टिकोण आउँछ र जानकारीका लागि हामी परम्परागत बाहेकका अन्य स्रोतको पनि खोजी गर्छौं ।

अरु पेशाका मानिसले द्वन्द्वको विश्लेषणका लागि धेरै थरि उपाय उपयोग गरेका छन् । निम्न प्रश्नको जवाफ खोजेका खण्डमा हामीले हामीलाई पुग्ने गरी द्वन्द्वको विश्लेषण गर्न सक्छौं ।

## पृष्ठभूमि र इतिहास

- द्वन्द्वको राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक पृष्ठभूमि
- यसले कस्ता राजनीतिक, आर्थिक र सामाजिक परिणाम ल्याएको छ ?
- द्वन्द्व हुन सक्ने र द्वन्द्वले बढी असर पार्न सक्ने निश्चित ठाउँ छन् कि ?
- द्वन्द्वको इतिहास

## द्वन्द्वका कारण

- द्वन्द्वका संरचनागत कारण के हुन् ?
- सहभागिता नहुनु
- तत्कालीन कारण के हुन् ?
- यस द्वन्द्वलाई अझ चर्काउन सक्ने तत्वहरु के के हुन ?

## द्वन्द्वरत पक्ष को को हुन् ?

- उनीहरुका मुख्य चाहना, लक्ष, अडान, क्षमता र सम्बन्ध के कस्ता छन् ?

## शान्ति स्थापनाका लागि क्षमतावान संस्था को को हुन् ?

- शान्ति कसले भड्काउन सक्ला ?
- द्वन्द्वको गतिशीलता
- सकारात्मक काम भएको छ कि ?

# द्वन्द्वको शान्तिपूर्ण समाधानको बाटो

द्वन्द्व समाज परिवर्तनको महत्वपूर्ण माध्यम हो । समाजले ज्ञान आर्जन गर्दै जाँदा हिजोसम्म ठीक ठानिएका कुरालाई चुनौति दिन्छन् । अर्थात नयाँ र पुराना विचारका बीचमा द्वन्द्व उत्पन्न हुन्छ । नेपालमा संवत १९८२ सम्म दास प्रथा कायम थियो । यो प्रथा गलत हुन भन्ने विचार बढेर पुराना विचारसँग द्वन्द्व बढ्दै गएपछि त्यसलाई उन्मूलन गरियो । यस द्वन्द्वलाई सही तरिकाले समाधान गरिएकाले समाजमा हिंसा हुन पाएन ।

द्वन्द्वको समाधान शान्तिपूर्ण ढङ्गले भएन भने मानिस बाध्य भएर हिंसामा उत्रन्छ । त्यसैले, हिंसा भड्कनु भन्दा पहिल्यै द्वन्द्वलाई रचनात्मक, शान्तिपूर्ण र न्यायोचित ढङ्गले समाधान गर्नुपर्छ ।

शान्ति कुनै एक व्यक्ति वा पक्षको हितमा र अर्को व्यक्ति वा पक्षको अहितमा हुँदैन । अर्थात् एउटाको जित र अर्काको हार हुनु शान्ति आउनु होइन । केही समय युद्धविराम हुनु अथवा हानाहान नहुनु पनि शान्ति होइन ।

शान्ति स्थापना हुँदा त्यसले द्वन्द्वरत सबै पक्षलाई केही न केही कुरा दिनुपर्छ अथवा सबै पक्षले केही पाएको अनुभव गर्नुपर्छ । तर शान्ति स्थापना हुँदा सबैले सबैथोक पाउँछन् भन्ने छैन । शान्ति स्थापना गर्नका लागि यथास्थितिमा परिवर्तन आउनैपर्छ । नत्र फेरि हिंसा भड्कन सक्छ ।

# पत्रकारको भूमिका

सामान्यतया पत्रकारिताको परम्परागत भूमिकाले द्वन्द्व समाधानमा सहयोग गर्दैन भनिन्छ। परम्परागत ढर्रामा भएका रिपोर्टिङले समाजमा भएका वा हुनसक्ने द्वन्द्वलाई बुझ्ने कोसिस गरेका हुँदैनन र तिनको शान्तिपूर्ण समाधानलाई प्रश्रय दिएको हुँदैन भन्ने आधारमा यसो भनिएको हो। यो अर्धसत्य कुरा हो।

पत्रकारिताका परम्परागत सिद्धान्तले पनि द्वन्द्वको समाधानका लागि कोसिस गर्नुपर्छ भन्दो रहेछ। यसका बारेमा बुझ्नका लागि वारेन के. एजी, फिलिप एच अल्ट र इडविन यमेरीले एन इन्ट्रोडक्सन टु मास कम्युनिकेसन नामक पुस्तकमा पत्रकारको भूमिकाका बारेमा भनेका कुरा राम्ररी मनन गर्न सकिन्छ। उनीहरुले पत्रकारको भूमिकाका बारेमा यसो भनेका छन् :

- सार्वजनिक संस्थाका महिला र पुरुषले गरेका राम्रा र नराम्रा कामका बारेमा रिपोर्टिङ गर्ने
- अल्पसंख्यक लगायतका जनताको जीवन स्तर सुधार्ने आकांक्षाको ब्याख्या गर्ने
- असमाजिक समूह र व्यक्तिका गतिविधिमा प्रकाश पार्ने
- शैक्षिक अवस्था सुधार्न, हावा र जल प्रदूषण नियन्त्रण गर्न र सार्वजनिक यातायातलाई अझ बढी राम्रो र सुरक्षित बनाउन समुदाय, राज्य र देशलाई मनाउनु।

उनीहरुका विचारमा आम सञ्चार रोकिने हो भने हाम्रो सभ्यताको पतन हुन्छ। सैद्धान्तिक रुपमा जे जसो भनिए पनि पत्रकारिताको परम्परागत ढर्राले आफ्ना यी भूमिकामा ध्यान दिएन। खाली रिपोर्टिङ गर्ने कुरामा मात्र ध्यान दियो। यस्तो पत्रकारिताको के समस्या छ भने रिपोर्टिङ गर्दा अरुले आफू वा आफ्नो समूह अनुकूल तयार पारेका आंकडाको उपयोग गरिन सक्छन्। सामान्य द्वन्द्वका बेलामा पनि द्वन्द्वरत पक्षले आफ्नो स्वार्थसँग मिल्दाजुल्दा आंकडा प्रचार गर्न पत्रकारहरूलाई उपयोग गर्छन्। हिंसा फैलिएका बेलामा त यस्तो खतरा अझ बढी हुन्छ।

अरूले जे भन्छन् त्यो कुरा मात्र रिपोर्टिङ गर्नु भनेको अरूबाट उपयोग हुन सहमति प्रदान गर्नु हो। यसो गर्दा पत्रकारको स्वतन्त्र पहिचान गुम्छ र स्वतन्त्र अङ्गका रूपमा काम गर्दा प्राप्त गर्ने शाख पनि बिलाउँछ र पत्रकार र युद्धरत पक्षका बीच हुनुपर्ने भिन्नता रहँदैन। तथ्यको स्वतन्त्र जाँच गर्नुपर्छ। यो काम झन्झटिलो हुन्छ तर असम्भव होइन।

**द्वन्द्व संवेदनशील भएर गरिने पत्रकारिताका तीन आधारभूत मान्यता छन्**

१ सन्तुलन
२ निष्पक्षता
३ सत्य

यी मान्यता पालना गरेर द्वन्द्वको विश्लेषण गर्न र द्वन्द्व समाधानमा भूमिका निर्वाह गर्न सकिन्छ । पत्रकारले प्रस्तुत गरेका सामग्री त्यति बेला मात्रै पत्यारिला हुन्छन् जति बेला तिनीहरू तथ्यपरक, सत्य, सन्तुलित र निष्पक्ष हुन्छन् ।

कृत्रिम तथ्य बनाउने वा प्रपोगान्डा गर्ने काम शक्तिशालीहरूले गर्छन् । त्यसैले अरूले सिर्जना गरेका तथ्यको रिपोर्टिङ गर्नँ भनेको सञ्चारमाध्यम शक्तिशालीहरूको मात्र आवाज बन्नु हो । अथवा उनीहरूका कुरालाई माइकमा फुक्नु हो । तर तथ्य नजाँची त्यसो गर्दा हामी भ्रमलाई माइकमा फुकिरहेका हुन्छौँ । सञ्चारमाध्यम कमजोरहरूको आवाज उठाउने माध्यम बन्नुपर्छ भनिन्छ । तर गरिबको आवाजका नाममा भ्रम अथवा भ्रामक समाचार र सूचना प्रसार गर्नाले न गरिबको भलो गर्छ न उनीहरूको अवस्था सुधार्ने काम गर्नका लागि चाहिने तथ्य नै उपलब्ध हुन्छ ।

# पत्रकारहरूको सही भूमिका

## हिंसा फैलनु अघि

पत्रकारिता समाजले भोग्नु परेका समस्या उठाइदिने पेशा हो । पत्रकार समाजमा भइरहेका नराम्रा कामको कठोर आलोचक हो, समाजका गलत कामको पर्दाफास गर्ने मान्छे हो, समाजको सल्लाहकार हो, जनताको प्रतिनिधि हो । पत्रकारको काम हिंसा फैलिउन्जेल चूप लागेर बस्ने होइन । हिंसा फैलनु भन्दा पहिला नै द्वन्द्वका कारण निरुपण गर्न समाजलाई घचघच्याउनु पर्छ । यसका लागि हामीले समाज विज्ञानका क्षेत्रमा अध्ययन गरेका विद्वानहरुको मद्दत लिन सक्छौँ ।

## शान्ति स्थापना गर्नका लागि पत्रकारले निम्न महत्वपुर्ण भुमिका खेल्न सक्छन् ।[1]

- सञ्चार प्रवाह गर्ने
- शिक्षित पार्ने
- विश्वास-निर्माण:
- गलत धारणालाई सच्याउने:
- मानवीय बनाउने:
- अन्तरनिहित स्वार्थको पहिचान गर्ने:
- भावनात्मक निकास:
- द्वन्द्वलाई एउटा प्रारूपमा राख्ने:
- इज्जत जोगाउने र सहमति निर्माण गर्ने:
- समाधान-निर्माण गर्ने
- शक्ति सन्तुलनलाई प्रोत्साहित गर्ने:

यसका केही उदाहरण हेरौं । सन् १९९२ मा आर. आन्ड्रयू निक्सनले नेपालमा पनि पेरुमा जस्तै कम्युनिस्ट सशस्त्र विद्रोह हुनसक्छ भनेका थिए ।[2] यस्तैगरी, लामो समयदेखि मधेसले धेरै समस्या भोगिरहेको छ भनी अमेरिकी विद्वान फ्रेडेरिक एच. गेजले सन् १९६७-६८ मा रिजनालिज्म एन्ड न्यासनल युनिटी इन नेपाल नामक पुस्तकमा लेखेका थिए । उनले त्यतिबेला उठाएका कुरालाई पत्रकारितामार्फत उठाएर हिंसा नफैलिइकन द्वन्द्वका कारणको समाधान गर्न सकिन्थ्यो ।

[2] Democratisation and the Growth of Communism in Nepal: a Peruvian Scenario in the Making', R. Andrew Nickson, in Understanding the Maoist Movement of Nepal, Deepak Thapa (ed.), Kathmandu, Martin Chautari, Centre for Research and Development, 2003

# हिंसा फैलिएका बेला

**हिंसा फैलिकएका बेला पत्रकारले निम्न दुई भूमिका खेल्न सक्छन् ।**

| हिंसा मत्थर पार्ने पत्रकारिता | हिंसा भड्काउने खालको पत्रकारिता |
|---|---|
| • सबै पक्षको आवाजलाई स्थान दिने ।<br>• हिंसालाई समस्या ठान्ने र द्वन्द्वको रचनात्मक समाधानमा जोड दिने ।<br>• सबै पक्षलाई मानवीय व्यवहार गर्ने ।<br>• हिंसाका अप्रत्यक्ष प्रभावहरू (मानिसले भोग्नु परेका पीडा, सामाजिक/सांस्कृतिक क्षेत्रमा भएका क्षति) आदिमा पनि जोड दिने ।<br>• सबैका गलत कामको भण्डाफोर गर्ने । कुनै पनि पक्षको ढाकछोप नगर्ने ।<br>• स्थानीय तहमा शान्ति स्थापनाका लागि भएका प्रयासहरूमा जोड दिने ।<br>• लैङ्गिक असमानता घटाउने र लैङ्गिक आधारमा गरिने दुर्व्यवहारलाई दुरुत्साहन गर्ने ।<br>• हिंसा भड्काउने खालका संरचना र संस्कृति सुधार्न जोड दिने ।<br>• हिंसा फैलिएका बेलामा महिला र बालबालिकाले पुरुषले भन्दा फरक र बढी समस्या बेहोर्नुपर्ने हुन्छ । उनीहरुका खास आवश्यकता हुनसक्छन् । यस्ता कुरालाई पनि ठाउँ दिने ।<br>• शब्द, दृश्य, आवाज र आसयमा तटस्थता कायम गर्ने । हिंसालाई प्रोत्साहन दिने खालका शब्द, शब्दावली, दृश्य, आवाज र आसय प्रकट नगर्ने ।<br>• कसैले घृणा फैलाउने भाषण गरेका छन् र त्यसलाई दिनु पर्ने छ भने त्यो कति कारणले गलत हो भन्ने कुरा पनि खुलाउने । | • एक पक्षलाई विजयी बनाउन जोड दिने ।<br>• एक पक्षको मात्र आवाजलाई ठाउँ दिने । अर्को पक्षलाई समस्याका रूपमा चित्रित गर्ने ।<br>• हिंसा भड्कियो, अनि रिपोर्टिङ गरौंला भनेर पर्खने र लास गन्तीका मात्र समाचार लेख्ने ।<br>• एक पक्षलाई अमानवीय, क्रूर भनेर चित्रण गर्ने ।<br>• हिंसाका प्रत्यक्ष प्रभावहरू (कहाँ गोली चल्यो, कति मान्छे मरे) आदिमा मात्र जोड दिने ।<br>• एक पक्षको गलत कामको भण्डाफोर गर्ने । अर्को पक्षका गलत कामको ढाकछोप गर्ने ।<br>• सहरी, सम्भ्रान्त वर्गका पुरुषले गरेका शान्ति स्थापनाका कुरालाई मात्र प्राथमिकता दिने । गाउँघर, जिल्लाजिल्लामा शान्ति स्थापनाका लागि भएका सिर्जनात्मक प्रयासलाई वास्ता नगर्ने ।<br>• शक्तिशालीहरूको मात्र अवधारणा/विचार उठाउने ।<br>• एक पक्षलाई हराएर समस्या समाधान गर्न सकिन्छ भन्ने कुरामा जोड दिने । हिंसा भड्काउने खालका संरचना र संस्कृति हटाउनेतर्फ ध्यान नदिने ।<br>• असमान, शोषणयुक्त समाजमा क्षणिक शान्ति स्थापनाका पक्षमा आवाज उठाउने र द्वन्द्वका गडेका कारक तत्वलाई परम्परा अथवा कुनै कुराको आडमा सामान्य मान्ने । |

## पीडितसँगको व्यवहार

हिंसा भड्केका बेलामा हिंसा फैलाउने मानिसहरूले आफ्नो शत्रु ठानेकालाई यातना दिन्छन्, बेपत्ता पार्छन् अनि अरू किसिमका दुर्व्यवहार गर्छन् । यस्तो अवस्था भोगेका मानिस र तिनका परिवार आतङ्कित हुन्छन् । भौतिक दुर्व्यवहार त केही दिनपछि अन्त्य होला तर एकपटक भएको दुर्व्यवहारले मानिसमा नराम्रो, दूरगामी छाप पारिरहन्छ । यस्तो दुर्व्यहार भोगेका मानिसमा त्यो भोगाइको नराम्रो प्रभाव मेटिन धेरै लामो समय लाग्छ ।

त्यसैले पत्रकारहरूले हिंसाको सिकार भएका मानिसहरूसँग कुराकानी गर्दा विशेष सतर्कता अपनाउनुपर्छ । कसैकसैले भन्छन्– यस्ता मानिसहरूसँग कुराकानी गर्न हुँदैन किनभने यसो गर्दा उनीहरूले पहिलेका कुरा सम्झन्छन् र उनीहरूलाई अझ दुःख थपिन्छ । अर्कोथरीले के भन्छन् भने यस्तो दुःख जति बाँड्यो उति घट्छ । तर्क के पनि छ भने हिंसाको सिकार भएका मानिसले हिंसालाई कुनै क्षण सम्झेको छैन भन्नु र उसले त्यो कुरा बिर्सिसक्यो भन्नु फरकफरक कुरा हो । कुनै बेलामा नसम्झिए पनि मानिसको मनमा त्यस्ता कुरा गडेर रहेका हुन्छन् । त्यसैले उनीहरूसँग आत्मीय ढङ्गले कुराकानी गर्दा उनीहरूको मन हल्का हुन्छ ।

यस्तो अवस्थाका मानिससँग कुराकानी गर्दा सामान्य अवस्थामा भएका मानिसहरूसँग कुराकानी गर्दाभन्दा विशेष सतर्कता अपनाउनुपर्छ । आफूलाई चाहिएको कुरा पाइसकेपछि पनि उनीहरूसँग कुराकानी गर्नुपर्छ । यस क्षेत्रमा काम गर्नेहरूका अनुसार पीडितहरूलाई आफूले सम्झाएको दुःख र पीडाको अवस्थाबाट छुटाएर वर्तमानमा ल्याई पुऱ्याएर मात्र कुराकानीको अन्त्य गर्नुपर्छ । कुराकानीका बीचमा उनीहरू रुन लागे भने रुन दिनुपर्छ र परिस्थिति त्यस्तो भयो भने केही बेर कुराकानी नै रोक्नुपर्छ ।

| ध्यान दिनु पर्ने कुरा | |
|---|---|
| • आगोमा घिउ थप्ने काम नगर्ने<br>• घृणा, दुर्भावना नफैलाउने<br>• दङ्गा भड्काउन उक्साउने खालका जानकारी नदिने<br>• सत्यतथ्यमा जोड दिने<br>• मृतकको समेत गोपनीयता र आत्मसम्मानको ख्याल गर्ने | • निष्पक्षता कायम राख्ने<br>• सनसनीपूर्ण नबनाउने<br>• शब्द, भाषा, आवाज र दृश्य प्रसारण गर्दा संवेदनशील हुने<br>• पीडितको गोपनीयताको सम्मान गर्ने |

## स्रोतको सुरक्षा

हिंसाग्रस्त क्षेत्रमा गएर रिपोर्टिङ गर्दा पत्रकारलाई जानकारी दिने मानिसहरूलाई हिंसा फैलाउने मानिसबाट खतरा हुन सक्छ किनभने यस्तो जानकारीले गर्दा हिंसाका पक्षधरहरू बदनाम हुन्छन, उनीहरूमाथि यस्ता काम नगर्न विभिन्न किसिमका दबाब पर्न सक्छन । त्यसैले यस्तो जानकारी दिने मानिसलाई उनीहरूले राम्रो ठान्दैनन् । यस्तो अवस्थामा पहिल्यै दुःख पाएका मानिसहरूले थप दुःख भोग्नु नपरोस् भन्ने कुरामा ध्यान दिनुपर्छ । आफूलाई जानकारी दिने मानिसहरूको इच्छाविपरीत उनीहरूको नाम र पहिचान सार्वजनिक गर्न पत्रकार आचारसंहिताले पनि दिँदैन ।

## द्वन्द्व/हिंसा मत्थर भएपछि

द्वन्द्व शान्तिपूर्ण ढङ्गले समाधान हुन पनि सक्छ । हिंसा फैलिए पछि सम्झौतामार्फत टुङ्गिन पनि सक्छ । एक पक्षको विजय भए पछि पनि टुङ्गिन सक्छ (श्रीलंकाको तमिल विद्रोह जस्तो) । तर यत्ति हुने वित्तिकै पत्रकारको काम टुङ्गिदैन । पत्रकारले निम्न विषयमा ध्यान दिइरहनुपर्छ :

### द्वन्द्व र हिंसाका कारणको निराकरण भयो कि भएन ?

जुन सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक, क्षेत्रीय, भाषिक, सांस्कृतिक आदि कारणले द्वन्द्व भएको थियो, हिंसा फैलिएको थियो तिनको निराकरण भएन भने द्वन्द्व सही अर्थमा समाधान भएको हुँदैन, रुपान्तरण भएको हुँदैन । नेपालको अनुभवले के देखाएको छ भने विभिन्न शक्तिहरुले विभिन्न अवस्थाको उपयोग गरेर द्वन्द्व र हिंसा बढाउँछन् । यस काममार्फत जव उनीहरु ती अवस्था निराकरण गर्ने ठाउँमा पुग्छन् तव यी अवस्थालाई चटक्कै बिर्सन्छन् अथवा आफू सत्ता (राजनैतिक, सामाजिक आदि) मा पुग्ने बित्तिकै उनीहरुले द्वन्द्व र हिंसा फैलाउन आफूलाई जुन जुन अवस्थाले मलजल दिएका थिए ती अवस्थालाई त्यत्तिकै छाडिदिन्छन् र अर्काले तिनै अवस्थाको फाइदा उठाएर फेरि द्वन्द्व र हिंसा फैलाउँछ जसको मार सामान्य जनतामाथि पर्छ ।

त्यसैले, पत्रकारले सत्तामा भएको फेरबदलमा मात्र चित्त बुझाएर बस्नु हुँदैन । समाजमा तात्विक परिवर्तन भयो कि भएन भन्ने कुरामा ध्यान दिनुपर्छ । सत्तामा को छ भन्ने कुरा त साधन मात्र हो साध्य त परिवर्तन भयो कि भएन भन्ने हो । त्यसैले यस्ता कुरामा निरन्तर काम गरिरहनुपर्छ ।

### द्वन्द्व र हिंसाका असर

हिंसा र द्वन्द्वको अन्त्य भइसकेपछि हिंसाले भत्काएका परिवार, हिंसामा लागेका मानिसको पुनःस्थापना, हिंसाले फैलाएको हिंसात्मक चालचलन आदिका बारेमा हामीले निरन्तर आवाज उठाइरहनुपर्छ ।

# सुरक्षा

लडाइँ र हिंसात्मक प्रदर्शनको समाचार सङ्कलन गर्ने क्रममा कैयौँ पत्रकारले ज्यान गुमाइसकेका छन् । भुइँचालो र बाढीपहिरो जस्ता प्राकृतिक विपदमा समाचार सङ्कलन गर्न निकै कठिन हुन्छ । हुलदङ्गाको समाचार सङ्कलन गर्दा पत्रकार माथि नै आक्रमण हुने र चोटपटक लाग्ने गर्छ ।

आगलागीको दृश्य खिच्दा पहिला आफू सुरक्षित भएपछि मात्र दृश्य सङ्कलन गर्नुपर्छ । कतिपय अवस्थामा छायाँकार आफ्नो सुरक्षाको ध्यान नदिई आगलागी भइरहेको घरभित्र गई दृश्य खिचेको पनि भेटिएको छ । बर्ड फ्लु लागेका कुखुरा मारेको दृश्य खिच्दा चिकित्सकले भनेअनुसारको सावधानी अपनाउनुपर्छ ।

द युनिभर्सल जर्नालिष्ट र ग्रेट रिपोर्टसका लेखक डेभिड रेन्डलले भनेका छन्– 'मरेपछि पत्रकारले रिपोर्टिङ गर्न पाउँदैन ।' सुरक्षित हुनसके मात्र निर्भीक रूपमा व्यावसायिक पत्रकारिता गर्न सकिन्छ ।

नेपालमा पत्रकारले भोगिरहेको अर्को समस्या भनेको व्यावसायिक सुरक्षा हो । आफू कार्यरत कार्यालयबाट पनि व्यावसायिक सुरक्षामा चुनौती आउनसक्छ । त्यसैले पत्रकारले आफू कार्यरत संस्थाको सम्पादक र समाचार संयोजकसँग सधैँ व्यावसायिक सम्बन्ध राख्नुपर्दछ । पत्रकारले आफ्नो आचारसंहिताको पालना नगर्दा पनि सुरक्षा खतरा आउँछ । कुनै एक पक्षको बारेमा मात्र समाचार लेख्दा वा आफ्नो आचरणको दुरुपयोग गर्दा सुरक्षा खतरा आउँछ । त्यसैले पत्रकारले धैर्यताका साथ अनुशासित र जिम्मेवार भई पेसालाई अघि बढाउनुपर्छ ।

पत्रकारले आफ्नो सुरक्षा रणनीति सधैँ एउटै बनाउनुपर्छ भन्ने हुँदैन । विशेष अवस्थामा विशेष रणनीति आवश्यक पर्न सक्छ । हिंसात्मक जुलुसमा जाँदा धेरैजसो पत्रकारलाई ढुङ्गा, लाठी र गोली लाग्ने सम्भावना बढी हुन्छ । यस्ता ठाउँमा रिपोटिङ गर्दा जोगिनुपर्छ ।

हिंसात्मक जुलुस र युद्धग्रस्त क्षेत्रमा पत्रकारले समूहमा काम गनुपर्छ । यस्तो बेलामा आफ्नो अवस्था, आफू पुगेको ठाउँ, जानलागेको ठाउँ र त्यहाँ पुग्ने समयको बारेमा आफ्ना सम्पादक, समाचार संयोजक र परिवारका सदस्यलाई खबर गरिरहनुपर्छ । यसो गर्दा खतरा कम हुन्छ ।

# द्वन्द्व वा जुलूसको रिर्पोटिङ्ग गर्दा

## समाचार सङ्कलन गर्न जानुअघि ध्यान दिनुपर्ने कुरा

- आफ्नो प्रेस पास सजिलै देखिने ठाउँमा झुन्ड्याउनुहोस् ।
- समाचार सङ्कलन गर्नजाँदा प्रेस लेखिएको ज्याकेट लगाउनुहोस् ।
- सुरक्षाका सामाग्री जस्तै हेल्मेट, ग्यास मास्क र बुलेट प्रुफ भेष्ट लगाउनुहोस् ।
- प्रदर्शनको समाचार सङ्कलन गर्नजानलागेको बारेमा आफ्नो समाचार संस्थालाई जानकारी दिनुहोस् र संस्थाका माथिल्लो तहका व्यक्तिको सम्पर्क नम्बर लिनुहोस् ।
- अश्रु ग्यास प्रयोग हुनसक्ने स्थानमा चिसो रुमाल लिएर जानुहोस्, आँखाको सुरक्षाका लागि सनग्लास लगाउनुहोस्, महिलाहरूले मेक अप लगाएर रिपोर्टिङमा नजानुहोस् किनभने त्यसमा अश्रु ग्यास टासिन्छ ।
- दौडन सजिलो हुने खालको जुत्ता लगाउनुहोस् ।
- बर्सादी, छाता, पानी र थप बेट्रीहरू आफूसँगै राख्नुहोस् ।
- औषधी पनि लिनुहोस् ।
- मोबाइलको स्पिड डायलमा अत्यावश्यक नम्बर सेट गर्नुहोस् ।
- आफ्नो घरको सम्पर्क नम्बरबारे आफ्ना सम्पादकलाई जानकारी दिनुहोस् । र,
- आफ्नो प्रेस पासको फोटोकपी र सम्पादकका नम्बर कागजमा लेखी साथमा राख्नुहोस् ।

## समाचार सङ्कलनको समयमा

- समूहमा बस्नुहोस्, तस्बिर र भिडियो खिच्दा सहकर्मीलाई आफ्नो वरपर ध्यान दिन भन्नुहोस् ।
- तत्काल केही भइहाल्यो भने निस्कने ठाउँ पत्ता लगाउनुहोस् ।
- भिडको छेउमा बस्नुहोस्, प्रहरी र प्रदर्शनकारीबीचको घेरामा नपर्नुहोस् ।
- भिडको आफ्नै उत्तेजना हुन्छ, उनीहरूको मुडको बारेमा ख्याल राख्नुहोस् ।
- भिडको मुड परिवर्तन हुनथाल्यो भने सम्पादकलाई खबर गर्नुहोस् र अबको आफ्नो योजना के हो भन्नेबारे सोच्नथाल्नुहोस् ।
- कुनै पनि नयाँ बाटो हिँड्दै हुनुहुन्छ भने त्यो बाटोबाट फर्किएका व्यक्तिसँग सोध्नुहोस् । र,
- टेलिभिजन पत्रकारले साना र हलुका सामान चलाउनुहोस ।

## समस्या उत्पन्न भयो भने

- अश्रुग्यास आएमा अर्को दिशामा फर्किएर बस्नुहोस् ।
- प्रहरीले पक्ड्यो भने प्रहरीको उच्च अधिकारीसँग फोन गर्नुहोस् ।
- आफ्नो सम्पादकसँग कुरा गर्नुहोस् र कार्यालयबाट कानुनी सहयोग गर्न लगाउनुहोस् । र,
- हिंसा बढ्यो भने त्यहाँबाट हिड्नुहोस् ।

# पत्रकारले के गर्नु हुँदैन ?[3]

(१) **राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्न नहुने :** बहुभाषिक, बहुधार्मिक र बहुजातीय मुलुक नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको स-सम्बन्धमा खलल पार्ने वा गाली-बेइज्जती वा अदालतको अवहेलना हुने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने समाचार र विचार प्रकाशन, प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन ।

(२) **सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पार्न नहुने :** सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पुऱ्याउने तथा व्यावसायिक मर्यादाविपरीत हुने विकृति र उत्तेजक सामग्री प्रकाशन-प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन ।

(३) **समाचारका गोप्य स्रोत खोल्न नहुने :** समाचार प्रस्तुत गर्दा समाचारको आधिकारिकता र विश्वसनीयताका लागि स्रोत उल्लेख गर्नुपर्दछ । तर, गोप्य स्रोतको संरक्षण गर्ने दायित्व पत्रकारको हुने हुँदा स्रोतको इच्छा र अनुमतिबेगर त्यस्ता गोप्य स्रोतको नाम वा पहिचान खुलाउनु हुँदैन ।

(४) **निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने :** सञ्चारमाध्यम वा पत्रकारले प्रकाशन-प्रसारण वा समाचार सामग्रीको रूपमा वितरण गर्ने उद्देश्यले लिइएका सूचना सामग्री सार्वजनिक प्रयोग नगरी व्यक्ति वा संस्थाको निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्नुहुँदैन ।

(५) **भेदभाव हुनेगरी सूचनाका सम्प्रेषण गर्न नहुने :** जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रङ्गजस्ता आधारमा भेदभाव हुनेगरी समाचार र विचारको सम्प्रेषण गर्नुहुँदैन ।

(६) **पीडितलाई थप पीडा पुग्नेगरी सूचना सम्प्रेषण गर्न नहुने :** पीडितलाई थप पीडा पुग्नेगरी भाषा, ध्वनि, तस्बिर, चित्र र दृश्यसमेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

(७) **पीडित व्यक्तिको नाम, ठेगान खुलाउन नहुने :** यौनजन्य अपराध र सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरूको सचेत स्वीकृतिबिना नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बिर र दृश्य प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

[3] प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघद्वारा संयुक्त रूपमा जारी पत्रकार आचारसंहिता-२०६०, संसोधित २०६४ को नियम ४

**(८) हिंसा, आतङ्क र अपराधलाई प्रोत्साहन गर्न नहुने :** विध्वंस, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुनेगरी तथा त्यस्ता क्रियाकलापलाई अतिरञ्जित गर्नेगरी समाचार, विचार, तस्बिर, मत सर्वेक्षण, ध्वनि वा दृश्यहरू प्रस्तुत गर्नुहुँदैन ।

**(९) बीभत्स दृश्य र तस्बिर प्रकाशन/प्रसारण गर्न नहुने :** समाजमा नैराश्य, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका नग्न, क्षतविक्षत र बीभत्स दृश्य एवं तस्बिरहरू असान्दर्भिक, अश्लील र उत्तेजना फैलिन सक्ने प्रकारले प्रस्तुत गर्नुहुँदैन ।

**(१०) घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख गर्न नहुने :** कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम जोडी उसको मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुनेगरी समाचार सामग्री प्रस्तुत गर्नुहुँदैन ।

**(११) तथ्य बङ्ग्याउन नहुने :** कुनै टिप्पणी वा स्पष्टताबिना तस्बिर, भिडियो, दृश्य, ध्वनि वा तथ्यलाई तोडमोड गरी पहिचान नै बदल्ने वा गलत पहिचान दिने वा गलत अर्थ लाग्नेगरी समाचार सामग्री प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

**(१२) विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्न नहुने :** विज्ञापनलाई समाचारको रूपमा प्रस्तुत गर्न, विज्ञापनमार्फत समाचारको खण्डन गर्नुहुँदैन । त्यस्तै, एउटा सञ्चारमाध्यमबाट प्रकाशित प्रसारित समाचारको खण्डन सामान्यतः अर्को सञ्चारमाध्यमले गर्नुहुँदैन ।

**(१३) स्रोत उद्धृत नगरी पुनः प्रयोग गर्न नहुने :** कुनै समाचार संस्था वा माध्यमले प्रवाहित गरेको समाचार वा प्रकाशित-प्रसारित सामग्री उपयोग गर्दा त्यसको मूल स्रोत उद्धृत नगरी पुनः प्रकाशन, प्रसारण वा वितरण गर्नुहुँदैन । त्यसरी उद्धृत गर्दा सामान्यतः मूल स्रोतको सहमति लिनुपर्दछ ।

**(१४) स्रोतसँग सम्बन्ध :** पत्रकार वा सञ्चारमाध्यमले समाचार स्रोतसँग व्यावसायिक मर्यादा र सीमा बाहिर हुनेगरी अनुचित सम्बन्ध राख्न एवं व्यक्ति वा संस्थाको निहित स्वार्थका निम्ति सञ्चारमाध्यमको दुरुपयोग गर्नुहुँदैन ।

# शब्दावली[४]

**अतिवादी (Extremist)** कुनै एक पक्षले आफ्नो विरोधी वा मन नपरेको पक्षलाई आक्षेप लगाउनाका लागि यस्ता शब्द प्रयोग गर्दछन्। पत्रकारले यस्ता शब्दहरू प्रयोग गर्नु हुँदैन। कदाचित् प्रयोग गर्न परिहाल्यो भन्ने स्रोतर सन्दर्भसहित व्याख्या गरिदिनुपर्छ।

**अपराधी (Criminal)** यो निश्चित अर्थ बोकेको प्राविधिक शब्द हो। एउटा व्यक्ति तब मात्र अपराधी हुन्छ, जब उसलाई अपराध गरेको हो भनी अदालतले आरोप प्रमाणित गरेको हुन्छ।

**अराष्ट्रिय (Anti-nationals)** यो शब्द कुनै एक पक्षले अर्को पक्षवा विरोधी पक्षलाई अपमानित गर्न प्रयोग गरिने 'लेबल' मात्र हो।

**आतङ्कवाद (Terrorism)** आतङ्कवाद कुनै एक पक्ष वा समूहले सर्वसाधारण नागरिकलाई आतङ्कित पार्न, भयाकुल बनाउन वा डर त्रास देखाएर हिंसात्मक क्रियाकलापको समर्थन गर्न वाध्य पार्ने अभियान हो। आतङ्कवादी शब्द पनि एक पक्षले अर्को पक्षलाई अपमान गर्न लगाइने आक्षेप हो। 'आतङ्कवाद' वा 'आतङ्कवादी' शब्द प्रयोग गर्दा एउटा पक्षको समर्थक र अर्को पक्षको विरोधी हुन पुगिन्छ।

**आमहत्या (Mass murder)** 'आम' भन्ने शब्द स्पष्ट अर्थ नदिने शब्द हो। तसर्थ 'आमहत्या' को साटो यदि संख्या थाहा छ वा पत्ता लगाउन सकिन्छ भने यतिजना मारिए भन्नु वेश हुन्छ। आमहत्या भन्दा अतिरञ्जना हुनजान्छ र झुटो जानकारी प्रवाहित हुन्छ।

**उपेक्षित (Marginalised)** यदि कुनै व्यक्ति वा समूह कुनै पक्षद्वारा उपेक्षित छन् भने, त्यहाँ कस्तो सामाजिक व्यवस्था छ भन्ने कुरा बुझ्नु पर्छ। यस्ता शब्द प्रयोग गर्दा कसैलाई उपेक्षा गर्नँ हुँदैन भन्ने सन्देश सहित लेख्नु राम्रो हुन्छ। यो शब्दले देश/समाजमा चलिआएको संरचनागत हिंसाको अवस्थालाई औँल्याउन/देखाइदिन मद्दत पुऱ्याउँछ।

**कट्टर (Hardcore)** यो शब्द कसैलाई असभ्य वा निर्दयी स्वभावको भनी परिचय दिन उपयोग गर्ने गरिएको छ। यस्ता शब्दको उपयोग गर्दा विशेष शतर्क हुनुपर्छ।

[४] यो सूची सन् २००२ मा काठमाडौँमा आयोजना भएको शान्तिपत्रकारिता तालिमका सहभागीहरुसितको छलफलकाआधारमा तयार पारिएको हो। हस्त गुरुङद्वारा लिखित र खोज पत्रकारिता केन्द्रद्वारा प्रकाशित शान्तिका लागि पत्रकारिता नामक पुस्तकमा राखिएको लामो सूचीको सम्पादित अंश हो यो।

**क्रूर (Cruel)** यो शब्द प्रयोग गर्दा जहिले पनि सन्दर्भ र स्रोत खुलाउनुपर्छ। समाचारमा क्रूरता वा क्रूरतापूर्ण गतिविधिलाई छर्लङ्ग पारिदिने कोसिस गर्नुपर्छ। यसो गरेमा कसैलाई 'क्रूर' भनी आरोप लगाइ रहनुपर्दैन।

**गुट/गिरोह (Gang/clique)** यो शब्द निश्चित लक्ष्य प्राप्तिका लागि सङ्गठितभएको सानो समूहलाई जनाउनाका लागि प्रयोग गरिन्छ। यस्ता शब्दहरूकोसट्टा 'समूह' भनिदिनु राम्रो हुन्छ।

**छलाङ (Leap)** यो शब्दले कुनै कार्यको प्रगतिको अगाडि 'अति' उपसर्ग लगाएपछि व्यक्त हुने भाव वा अर्थ दिन्छ।

**तथाकथित (So-called)** 'तथाकथित' शब्दको साटो कसले त्यसो भनेको हो, उसैको नाम लिएर भनिदिन राम्रो हुन्छ। पत्रकारले 'तथाकथित आतङ्कवादी' भनेर लेखिदिएर निष्पक्ष भएको दाबी गर्न मिल्दैन।

**ध्वस्त (Total destruction)** यो शब्द सखाप पारिएको, फेरि प्रयोग हुननसक्ने किसिमले भत्किएको/बिग्रिएको स्थिति वा अवस्थालाई जनाउन प्रयोग गरिन्छ। यदि कुनै घर ध्वस्त भएको छ भनियो भने त्यो घर प्रयोग गर्न नसकिने अवस्थामा पुगेको जनाउँछ। उदाहरणको रूपमा एक किलोमिटर परसम्म सुनिने गरी पड्किएको बमको चपेटामा परेर एउटा विद्यालय भवन ध्वस्त भयो भनेर लेखियो भने त्यस विद्यालय भवनको कुनै पनि भाग पुन प्रयोग गर्न नसकिने अवस्थामा पुगेको सन्देश जान्छ।

**नियोजित (Systematic)** यो शब्द पनि निन्दा र आरोप लगाउने सन्दर्भमा प्रयोग हुँदै आएको छ। नियोजित भन्नाले स्वार्थ राखेर आयोजना गरिएको वायोजना बनाइएको कुनै काम भन्ने जनाउँछ। यस्ता कामहरू योजनावद्ध रूपमा कुनै अभियान जसरी नै चलाइएका पनि हुन सक्छन्। समाचारमा 'नियोजित तवरमा सर्वसाधारणको हत्या' भन्ने पर्न गयो भने त्यसले सर्वसाधारण मानिसहरूको हत्या गर्न पहिलेदेखिनै योजना बनाइएको थियो र अहिले दुर्घटना त्यसै अभियानको परिणाम हो भन्ने जनाउँछ/सन्देश दिन्छ। यस्ता कुरा प्रमाणबिना लेख्न मिल्दैन। प्रमाण भने नियोजित हो वा होइन भन्ने कुरा पाठक आफैले छुट्टयाउँछन्।

**बलिदान (Sacrifice)** यो पनि 'शहीद' शब्दजस्तै धार्मिक राजनीतिक अर्थबोक्ने शब्द हो। यस्ता शब्द नचलाउनु नै बेस हुन्छ किनभने यिनले हिंसालाई गौरवान्वित बनाउन र हिंसाको चक्र चलाउन मद्दत गर्दछन।

**बीभत्स हत्या (Gory death)** यो शब्द हत्याको घटनालाई सनसनीपूर्णबनाउनाका लागि प्रयोग हुँदै आएको छ । कुनै हत्याको घटना असामान्य छभने त्यसको असामान्यताको बारेमा सही तरिकाले वा यथार्थ रूपमा वर्णनगरिदिएर त्यो घटना बीभत्स हो कि होइन भनेर छुट्टयाउने जिम्मापाठक/श्रोतालाई नै छोडिदिनु राम्रो हुन्छ ।

**मुठभेड/भिडन्त (Clash or confrontation)** यो शब्दले दुई विरोधी पक्षकोप्रत्यक्ष सङ्घर्ष वा लडाइँ भन्ने जनाउँछ । दुई सशस्त्र वा निशस्त्र समूहबीचमानजिकैबाट आमनेसामने लडाइँ भएको कुरा यकिन हुन नसकेको अवस्थाभएमा भिडन्त वा मुठभेड भयो भन्न मिल्दैन ।

**योद्धा (Warrior)** यो शब्दले युद्धमा संलग्नहरूलाई जनाउँछ । त्यसबाहेक कुनैसाहसिक अभियानका नायकलाई जनाउन पनि यो शब्दको प्रयोग गरिन्छ । युद्धमा संलग्न व्यक्तिहरूलाई भने योद्धाको साटो 'सिपाही' भन्दा निष्पक्ष हुन्छ । उनीहरूलाई योद्धा भनिदिँदा हिंसालाई गौरवान्वित गर्ने काम हुनजान्छ ।

**लैङ्गिक समानता (Gender Equality)** निर्णय प्रक्रिया, नीति तथा कार्यक्रम विकास र कार्यक्रमको कार्यान्वयनमा पुरुष तथा महिलाहरूको समान प्रतिनिधित्व ।

**लैङ्गिक संवेदनशीलता (Gender Sensitivity)** सबै नीति तथा कार्यक्रमहरूको महिला, पुरुष तथा बालबालिकामाथि प्रभावबारे विचारलाई जनाउँदछ ।

**लैङ्गिक जवाफदेहिता (Gender Responsiveness)** नीति तथा कार्यक्रमहरू लैङ्गिक संवेदनशील र लैङ्गिक समान (माथि उल्लेखित दुबै भएको सुनिश्चितता ।

**लैङ्गिक हिंसा (Gender-based Violence)** महिला तथा पुरुषहरू बीच सामाजिक रूपमा गरिएका भिन्नताहरूमा आधारित हिंसा ।

International Alert.


**इन्टरनेशनल अलर्ट,**
बखुन्डोल, ललितपुर
पो.ब.न. २४११८, काठमाण्डौ, नेपाल
फोनः ०१-५५२३६२०,
nepal@international-alert.org
www.international-alert.org


नेपाल पत्रकार महासंघ


**नेपाल पत्रकार महासंघ**
संचारग्राम, तिलगंगा, काठमाण्डौ
फोनः ०१-४११२७६३
fnjnepal@mail.com.np
www.fnjnepal.org


EQUAL ACCESS


**डिजिटल ब्रोडकास्ट इनिसिएटिभ, इक्वल एक्सेस नेपाल**
पो.ब. न. ११८, झम्सिखेल, ललितपुर
फोनः ०१-५०१३५०९
eanepal@equalaccess.org
www.equalaccess.org.np